नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

☎ ४२११५२५, ४२११८०८, ४२११५३२, ४२११६६५

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:- क.प्र.(कृषि)२०८२/०८३
चलानी नं.:- १०४२

मिति: २०८३/०२/२६
नेपाल संवत् ११४६

## वैयक्तिक विवरण अद्यावधिक गर्ने सम्बन्धी सूचना ।

प्रचलित कानून बमोजिम अध्ययन बिदा तथा असाधारण बिदामा रहेका केही निजामती कर्मचारीहरू विदा अवधि समाप्त भएपछि पनि नियमानुसार सम्वन्धित कार्यालयमा हाजिर नभएको, लामो समयदेखि कार्यालयको सम्पर्कमा नरहेको तथा बिदा समाप्ती पश्चात् नियमित रूपमा हाजिर भए तापनि राष्ट्रिय किताबखाना (निजामती) मा व्यक्तिगत विवरण (PIS) अद्यावधिक नभएको सम्वन्धमा जानकारी तथा गुनासो प्राप्त हुन आएको छ।

यस सम्बन्धमा अध्ययन बिदा तथा असाधारण बिदा सम्बन्धी आफ्नो अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक नभएको भए सम्बन्धित कर्मचारीहरूले यो सूचना प्रकाशित भएको मितिले तीन (३) दिनभित्र अनिवार्य रूपमा अभिलेख अद्यावधिक गराउनु हुन यसै सूचनामार्फत जानकारी गराइन्छ ।

यस मन्त्रालय/आयोग/सचिवालय/आयोजना/केन्द्रीयस्तरका कार्यालयहरूले आ-आफ्नो निकायबाट विभिन्न समयमा अध्ययन बिदा तथा असाधारण बिदा स्वीकृत भएका कर्मचारीहरूको विवरण, बिदा अवधि समाप्ती पश्चात् सम्वन्धित कर्मचारी हाजिर भए/नभएको तथा अन्य आवश्यक विवरण राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी यकिन गर्न तथा सम्पूर्ण विवरण तीन (३) दिनभित्र अद्यावधिक गराउनु हुन अनुरोध गरिन्छ।

अध्ययन बिदा तथा असाधारण बिदामा गई बिदा अवधि समाप्ती पश्चात् पनि सम्वन्धित कार्यालयमा हाजिर नभएका वा लामो समय देखि कार्यालयको सम्पर्कमा नरहेका कर्मचारीहरूको हकमा प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३/०२/२६

(अनिल श्रेष्ठ)
शाखा अधिकृत